आज मिति २०७७।०९।०८ गते सन्धिखर्क नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री कमल प्रसाद भुसालज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ;

का.पा.बै.न. ३८ (७७/७८- ५)

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क. | |
| ३. | सदस्य | श्री युवराज बन्जाडे | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिला गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल /हेम बहादुर घर्ती | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री ईश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी /शिवलाल भुसाल | |
| १२. | सदस्य | श्री लक्ष्मीनारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्बराज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क. | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी. | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क. | |
| २३. | सदस्य सचिव | श्री कृष्णप्रसाद सापकोटा | |

मितिः२०७७/९/८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

१.स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ५ मा नगरपालिकाले स्थानीय सञ्चितकोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थमन्त्रालय, प्रदेश अर्थमन्त्रालय र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने कानुनी व्यवस्था भएबमोजिम विवरण तयार गरी पठाउने व्यवस्था गर्ने ।

२.नगरकार्यपालिकाको कार्यालयबाट तयार भई पेस भएका देहायबमोजिमका कार्यविधि माथि बैठकमा छलफल भई उक्त कार्यविधिहरु स्वीकृत गरी लागु गर्ने ।

तपसिल

- मेलमिलापसम्बन्धी कार्यविधि,२०७७
- टोल विकास संस्था सञ्चालन व्यवस्थापन कार्यविधि,२०७७
- सुलभ कृषि कर्जा कार्यविधि,२०७७
- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,२०७७
- व्यवसाय दर्ता/तथा नवीकरण कार्यविधि,२०७७
- विपन्न दलित,गन्धर्व तथा अल्पसंख्यक समुदायका लागि स्वास्थ बिमा कार्यक्रम कार्यविधि ,२०७७
- बाल समूह गठन तथा सहजिकरण निर्देशिका,२०७७
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि,२०७७
- गैरसरकारी संघ/ संस्था समन्वय कार्यविधि,२०७७

३.सन्धिखर्क नगरपालिकाको आन्तरिक आयलाई व्यवस्थित गरी नगरपालिकालाई आत्मनिर्भर बनाउन र यस नगरपालिकाभित्र नगरपालिकालाई विभिन्न कर दस्तुर शुल्क तिरर्नुपर्ने दायित्व भएका जनप्रतिनिधि, शिक्षक, स्वास्थ्यकर्मी, कर्मचारी उद्योगी व्यापारी तथा आम नगरबासीले स्वघोषणा गरी आफ्नो तिर्नुपर्ने कर तिरी नगरपालिकाको विकास र संवृद्धिमा हातेमालो गर्न र नगरपालिकामा तिर्नुपर्ने विभिन्न कर शुल्क समयमा नतिर्दा जरिवाना पर्ने अवस्थालाई निरुत्साहित गरी कर प्रणालीलाई व्यवस्थित गर्न मिति २०७७/१०/१ गते देखि २०७८ साल असार मसान्तसम्म करसहभागिता अभियान सञ्चालन गर्ने।

४.व्यवसाय दर्ता/नवीकरण एवं खारेजीका सम्बन्धमा देहाय बमोजिम गर्ने ।

- यस सन्दर्भमा मिति २०७७/८/१४ गते बसेको राजस्व परामर्श समितिको बैठकबाट समेत विगतमा दर्ता भै हालसम्म नवीकरण नगरेका व्यसायीले (विगत आ.व मा यस कार्यालयलाई ) तिर्नुपर्ने दायित्व रहेको रकमलाई एक पटकका लागि छुट दिने प्रस्ताव नगरसभामा पेस गर्ने ।
- चालु आ.व देखि सबै व्यवसायको नवीकरण/तथा नयाँ दर्ता गर्ने प्रक्रिया अभियानको रुपमा सञ्चालन गर्ने ।

कमल प्रसाद ... 
प्रमुख

५. यस नगरपालिकाको आ.व.२०७७/७८ मा प्रदेश समपुरक अनुदानतर्फ स्वीकृत तपसिल अनुसारका योजनाहरु टेन्डर प्रक्रियाबाट गराउँदा प्रतिस्पर्धा भई बचत हुन गएको रकम तततत् योजनामा थप कार्यको लागि प्रकृया अगाडि बढाउने।

तपसिल

| सि.न. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | सिद्धेश्वर टोलका भित्री बाटा र शान्तिनगर टोल सुधारका भित्री बाटाहरु ढोरपाटनसडकसँग जोडिएका सडक स्तरोन्नति | |
| २ | घोचेखोला पकले मोटरबाटो स्तरोन्नति | |
| ३ | बिहार-कविरा धारा लहरेबाँद भैसिथला जोगिमारे मोटरबाटो स्तरोन्नति | |
| ४ | ठूलटारी-रिङदी-मथुरा- लब्दी हुदै- भुङभुङ्गे कृषि सडक | |
| ५ | मिलमिले-सल्लीकोट-झेडी -लदाम मो.वा. स्तरोन्नति | |
| ६ | डम्पिङ साइट पूर्वाधार र स्तरउन्नती | |
| ७ | गंगासरोवर पूर्वाधार निर्माण | |

६.नगरपालिकाबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउनका लागि उपभोक्ता समितिको क्षमता विकास गर्न आवश्यक देखिएकोले उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गर्ने ।

७.सन्धिखर्क नगरपालिकाको कार्यालयमा दर्ता भएका घ वर्गको इजाजतपत्रसम्बन्धी निवेदनहरु बैठकमा पेस भै जानकारी भयो । सो सन्दर्भमा घ वर्गको कार्यविधि २०७५ मा भएको व्यवस्था बमोजिम आवश्यक प्रक्रिया पुरा गरेका देहायका फर्महरुलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने ।

तपसिल

१. श्री मथुरा निर्माण सेवा सन्धिखर्क- ५
२. श्री अर्घा कन्स्ट्रक्सन सन्धिखर्क -१०
३. श्री गफार कन्स्ट्रक्सन प्रा.लि सन्धिखर्क-३
४. श्री पशुपति कन्स्ट्रक्सन सन्धिखर्क-२
५. श्री दिप कन्ट्रक्सन सन्धिखर्क नगरपालिका-१
६. श्री वि.वि.ए.एण्ड कन्ट्रक्सन सन्धिखर्क नगरपालिका-१२

कमल प्रसाद भुसाल

८.सन्धिखर्क नगरपालिकाको आ.व २०७७/०७८ मा स्वीकृत वार्षिक कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित वडा समितिबाट निर्णय गराई मिति २०७७/९/२० गते भित्र संशोधनका लागि नगरकार्यपालिकाको कार्यालयमा पेस गर्ने ।

९.नगर शिक्षा समितिको मिति २०७७/८/२८ गतेको निर्णय नं २ पेस भए बमोजिम अनुमोदन गर्ने ।

१०.जिल्ला प्रहरी कार्यालयबाट ट्रस निर्माणका लागि बजेट माग भई आएकोमा उक्त ट्रस निर्माणका लागि उपयुक्त शीर्षकबाट रु ३००००० ।(तिन लाख) जिल्ला प्रहरी कार्यालयलाई उपलब्ध गराउने ।

११.सन्धिखर्क नगरपालिकाको आठौं नगरसभा मिति २०७७/०९/२७ गते दिनको ठिक ११ बजेको लागि आव्हान गर्ने र सोको पूर्व तयारीको लागि मिति २०७७/९/२५ गतेका दिन कार्यपालिकाको बैठक बस्ने र कार्यपालिका तथा नगरसभामा पेस गर्ने एजेन्डाहरु सम्बन्धित शाखाका शाखा प्रमुखहरुले मिति २०७७/९/२० गते भित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरप्रमुख समक्ष तोकिएको ढाँचामा प्रस्ताव तयारी गरी पेस गर्ने।

१२.सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तयार भई पेस भएको नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्ययोजना २०७७ लाई अनुमोदन गर्ने ।

१३.सन्धिखर्क नगरपालिकाको क्षेत्राधिकारभित्र रहेको जरेखोलाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रीका लागि राजस्व परामर्श समितिको सिफारिसमा गरिएको ठेक्का व्यवस्थापनलाई समर्थन गर्ने।

१४.सन्धिखर्क नगरपालिकाको क्षेत्राधिकारभित्र अवैध रुपमा निकासी हुने ढुंङ्गा गिट्टी बालुवा तथा अन्य कुनै पनि चिज बस्तुको नियन्त्रण गर्न नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएबमोजिमको जरिवाना दाखिला गराई अवैध रुपमा हुने निकासीलाई निरुत्साहित गर्ने कार्यमा खटिने कर्मचारीलाइ आ.व २०७७/०७८ देखि जरिवाना वापत प्राप्त हुने रकमबाट२०% ले हुन आउने रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने र ५% प्रतिशत रकम सम्बन्धित स्थलबाट सूचना प्रवाह गर्ने व्यक्तिलाई प्रोत्साहनस्वरुप उपलब्ध गराउने ।

१५.'घ' वर्गको निर्माण व्यवसायी कार्यविधि २०७५ पहिलो लाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

पहिलो संशोधन मिति २०७७/०९/८

तिनमहले विवरण

| सि.नं | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| | क.टयाक्टर (एकथान )<br>ख.मिक्सर (एक थान )<br>ग.Theodolite , level machine (एक एक सेट ) | क . टयाक्टर १ थान भाडामा ३ वर्षका लागि लिएको हुनुपर्ने ।<br>ख. मिक्चर एक थान<br>ग. लेवल मेसिन १ थान | साविकको व्यवस्था बमोजिमका सामानहरु जुटाई व्यवसायीलाई इजाजतपत्र लिन कठिनाइ देखिएको । |

| | | | |
|---|---|---|---|
| | घ.वाटर पम्म (एक थान )<br>ङ भाइब्रेटर (एक थान) | घ. वाटर पम्प एक थान<br>ङ.भाइब्रेटर एक थान | |

१६. सन्धिखर्क नगरपालिका वाड नं ४ का देहाय बमोजिमका योजनाहरुको स्तरोन्नति गर्न रकम अभाव भएकाले राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौंमा सिफारिस गरिदिनुहुन भनी वडा कार्यालयबाट सिफारिस भई आएका र उक्त योजनाहरु नगरका लागि महत्वपूर्ण रहेकाले देहायका योजनामा रकम विनियोजन गरिदिन राष्ट्रिय योजना आयोग र सँस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालयमा आवश्यक बजेट उपलब्ध गराइदिन अनुरोध गर्ने ।

<u>राष्ट्रिय योजना आयोगमा सिफारिस हुने योजनाहरु</u>

१. ढोरपाटन रानीपोखरा माझहटियादेखी जरेखोला मोटरबाटो
२. हुलाकदेखि जरेखोला मोटरबाटो।

<u>सँस्कृति,पर्यटन तथा नागरिक उडडयन मन्त्रालय सिंहदरबार काठमाण्डौं</u>

१.सन्धिखर्क नगरपालिका वडा नं ४ माझहटिया राधाकृष्ण मन्दिर

१७.सन्धिखर्क नगरपालिकाको कृषि शाखातर्फ नगरसभाबाट स्वीकृत देहायका कार्यक्रमहरुमा विनियोजित रकममा पूर्ण तथा आंशिक रुपमा खर्च हुन सक्ने अवस्था नदेखिएकोले उक्त कार्यक्रमहरुलाई देहायबमोजिम संशोधन गरी कार्यान्वयन गर्ने ।

तपसिल

| क्र.स | नगर सभाबाट स्वीकृत योजनाको नाम | विनियोजित बजेट | संशोधित योजनाको नाम | संशोधितबजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | बाँझो जग्गा सदुपयोग अनुदान कार्यक्रम | रु ८ लाख मध्ये | पलाष्टिक टनेल वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा | रु ४ लाख | |
| २. | आलुको उन्नत बिउँ खरिद | रु ३ लाख | | रु ३ लाख | |
| ३. | बालिबिमा प्रिमियममा ५० प्रतिशत अनुदान | रु १लाख ५० हजार | ३.पावर स्पेयर वितरण ५० प्रतिशत अनुदानमा | रु १ लाख | |
| ४. | कृषिमेला प्रदर्शनी कार्यक्रम | रु ८० हजार | ४.अदुवा प्रवर्द्धन कार्यक्रम कृषक समुहमार्फत | रु ८० हजार | |
| ५. | कार्यक्रम अनुगमन तथा मुल्याङ्कन | रु ३ लाख ६१ हजार | ५. खाँचीकोट कृषि तथा पशु पंक्षी फर्म अनुदान रु | रु १ लाख | |



कमल प्रसाद भुसाल

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | कार्यक्रम सामग्री ढुवानी | रु २ लाख | ६. देउराली कृषि तथा पशुपंक्षी फर्म संरक्षण स.न.पा ४ | रु ७५ हजार | |
| ७. | इन्धन खर्च | रु ६० हजार | ७. नव आविष्कार एग्रो फर्म प्रा.लि | रु ६० हजार | |

१८. सन्धिखर्क नगरपालिकाको पशुसेवा शाखातर्फ नगरसभाबाट स्वीकृत देहायका कार्यक्रमहरुमा विनियोजित रकममा पूर्ण तथा आंशिक रुपमा खर्च हुन सक्ने अवस्था नदेखिएकोले उक्त कार्यक्रमहरुलाई देहायबमोजिम संशोधन गरी कार्यान्वयन गर्ने ।

तपसिल

| क्र.स | नगर सभाबाट स्वीकृत योजनाको नाम | विनियोजित बजेट | संशोधित योजनाको नाम | संशोधित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | व्यावसायिक फर्म लक्षित मागमा आधारित अनुदान कार्यक्रम | रु ४ लाख ८० हजार मध्ये | गाईभैंसी सुत्केरी भत्ता कार्यक्रम | रु ८० हजार | |
| २. | वैदेशिक रोजगारबाट फर्किएका युवाको लागि स्वरोजगार कार्यक्रम | रु ३ लाख ६० हजार मध्ये | | रु १लाख २० हजार | |
| ३. | पशुमेला प्रदर्शनी | रु १ लाख २० हजार | | रु १ लाख २० हजार | |
| ४. | कृषि तथा पशुसेवा सुलभ कर्जा कोष | | | रु १९ लाख ९१ हजार २० वीस मात्र | |
| ५. | | रु ५० लाख मध्ये | ४.एक गाउँ एक प्राविधिक तलब तथा पोशाक भत्ता | रु ५ लाख ८ हजार ९ सय ८० | २५ लाख |

१९.अर्थमन्त्रालयको मिति २०७६/२/२० को अन्तरसरकारी वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनको बुँदा नं १९ मा सशर्त अनुदानको रकम उद्देश्यमा फरक नपर्ने गरी स्थानीय तहबाटै कार्यक्रम संशोधन गर्न सकिने भन्ने व्यवस्था भए अनुसार यस नगरपालिकालाई प्राप्त सशर्त अनुदान ( शिक्षा तर्फ )को सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्नेटरी प्याड व्यवस्थापन शीर्षकको रु



कमल प्रसाद भुसाल
प्रमुख

३३ लाख १७ हजार मध्ये रु १४ लाख रकमान्तर गरी सामुदायिक विद्यालय पडेरी आधारभुत विद्यालय हिले र जोगीकुटी आधारभुत विद्यालय जोगीकुटी लाई शौचालय निर्माणका लागि अनुदान दिने ।

२०. श्री जनता कृष्ण माध्यमिक विद्यालय पकले सन्धिखर्क ८ को नमुना विद्यालय विकास गुरुयोजना २०७७/०७८ बमोजिम भौतिक तर्फ प्राविधिक स्टिमेट अनुसारको कम्पाउन्ड वाल निर्माण कार्यका लागि अनुमति प्रदान गर्ने ।

२१. आ.व २०७७/००७८ को नगरसभाबाट रु ३ लाख रकम बगैंचामा गेट निर्माणका लागि स्वीकृत भएकोमा उल्लिखित रकमबाट गेट निर्माण गरी बाँकी रकम समेत रहने देखिएकोले सो योजनामा रहने रकमबाट सोही बगैंचाको स्तरोन्नति गर्ने कार्यमा खर्च गर्ने ।

२२.सन्धिखर्क नगरपालिकालाई छुट्टै पहिचान दिइ यसको विकास र संवृद्धिका लागि ग्रिन सिटीको रुपमा विकास गर्दै अगाडि बढाउने उद्देश्य अनुरुप नगरपालिका स्वयले निर्माण गर्ने वा अन्य सार्वजनिक निकायले निर्माण गर्ने वा निर्माण भएका भौतिक संरचनाहरुमा रङ लगाउदा हरियो रङ अनिवार्य रुपले प्रयोग गर्ने व्यवस्था मिलाउने र नगरपालिकाभित्र बसोबास गर्ने आम नागरिकलाई पनि आफ्नो घर निर्माण गर्दा वा निर्माण भएको घरमा कलर गर्दा सोही कलर प्रयोग गर्न अनुरोध गर्ने साथै यस कलरको प्रयोग गर्ने घरधनीलाई सहुलियत दिने व्यवस्थाका लागि नगरकार्यापालिकाको कार्यालयले कार्यविधि तयार गरी अर्को बैठकमा पेस गर्ने।

२३.सन्धिखर्क नगरपालिकाको आन्तिरक आयलाई वृद्धि गर्न र नगरपालिकाभित्रको हाटबजार र पार्किङ्गलाई व्यवस्थित गर्न मिति २०७७/९/२ गते बसेको राजश्व परामर्श समितिबाट सिफारिस भई आएबमोजिम आ.व २०७७/०७८ का लागि देहायका क्षेत्रमा देहाय बमोजिमको न्यूनतम अंक कायम गरी व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

तपसिल

क. नरपानी पिक्नीक स्पोर्ट र सोही क्षेत्रमा रहेको पार्किङ एरियामा पार्किङ शुल्क समेतका लागि रु १२५०००।

ख. सन्धिखर्क बजार एरिया पार्किङ (बसपार्क,अर्घाखाँची आयल डिस्ट्रिव्यूटर्स अगाडि देखि बाँगी खोला भगवती मन्दिर खोलाको किनार साइडतर्फको र उपल्लो गुन्टीखोलाको साइड तर्फको क्षेत्र ,पुरानो बसपार्क क्षेत्र र हाटबजार बसपार्क क्षेत्र र शान्तिनगर टोल समेतमा लाग्ने हाट बजार समेतका रु १०११५१।

२४.पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फको पाणिनी क्याम्पस निर्माण योजना भुक्तानी गर्दा मिश्र निर्माण सेवालाई भुक्तानी गर्दा कन्टिजेन्सी बापत दोहोरो कट्टी भएको रु ३०००००।– (तीन लाख) भुक्तानी दिनुपर्ने । उक्त शीर्षकको रकम प्रकोप व्यवस्थापन कोष (कोरोना) मा दाखिला भएकोले उक्त कोषबाट रकमान्तर गरी भुक्तानी दिने ।

प्रमुख

२५.राष्ट्रिय योजना आयोगको मिति २०७७/८/३० गते आ.व.२०७८/०७९ का लागि संघीय विशेष अनुदानका लागि ( राष्ट्रिय योजना आयोगको मिति २०७७/०८/३० प्रकाशित सूचना अनुसार ) सन्धिखर्क नगरपालिकाले ५०% लागत सहभागीता गर्ने प्रतिबद्धता सहित प्रस्ताव तयार पारी २०७७ षौष मसान्त भित्र राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणाली मार्फत तपसिलका योजनाहरु पेस गर्ने ।

तपसिल

खानेपानी आयोजना तर्फ

क. जाडिखोला आमडाँडा खडगथुम कोट, भुमिकास्थान, मसुरखोला, देउराली लिफ्टिङ्ग सामुदायिक खानेपानी योजना सन्धिखर्क ४

ख. जालकाँडा-मजुवाथुम-अमिले-खानेपानी योजना सन्धिखर्क११

ग. स्वास्थ्य चौकी भवन निर्माण वडा नं ७ र ११

घ. विद्याविनय आधारभुत विद्यालय भवन निर्माण वडा नं ६

२६. राष्ट्रिय योजना आयोगको मिति २०७७/८/३० गते आ.व.२०७८/०७९ का लागि संघीय समपुरक अनुदानका लागि ( राष्ट्रिय योजना आयोगको मिति २०७७/०८/३० प्रकासित सूचना अनुसार ) सन्धिखर्क नगरपालिकाले ५०% लागत सहभागीता गर्ने प्रतिबद्धता सहित प्रस्ताव तयार पारी २०७७ षौष मसान्त भित्र राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणाली मार्फत तपसिलका योजनाहरु पेस गर्ने ।

तपसिल

१. पूर्वाधार तर्फ

क.चुत्रावेशी – भक्तिटोला धरमपानी अर्घा मैदान ग्रामिण सडक स्तरोन्नति आयोजना

ख.फुदवाङ्ग- डिहि-खाँचीमैदान-खाँचीखोला-देउराली मोटरबाटो

२.सुशासन तथा अन्य क्षेत्र

क.वडा कार्यालय भवन निर्माण वडा नं २,५,६,७, ८र१२

२७.स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट नगरपालिकाको कोषको चालु आ.व २०७७/०७८ को हाल सम्मको आय-व्यय बैठकमा पेस भई सोको प्रगतिका सन्दर्भमा छलफल गरी पेस भए बमोजिम अनुमोदन गर्ने।

२८.सन्धिखर्क नगरपालिकाबाट जारी हुने विभिन्न ऐन ,नियम,कार्यविधि, निर्देशिका,मापदण्ड निर्माणको मस्यौदा लेखन देखी अन्तिम तयारी गरी नगर सभा तथा कार्यपालिका बैठकमा पेस भै तत् पश्चात गरिने कार्य सम्मको कार्य कार्यालय समय बाहिर गर्नुपर्ने देखिएकोले सो सन्दर्भमा सो कार्य गर्न जिम्मा लगाइएको कर्मचारीलाइ कार्य सम्पादन पश्चात मिल्दो शीर्षकबाट थप सुविधा दिने व्यवस्था मिलाउने।

२९. राष्ट्रिय योजना आयोगमा पठाउने योजनाहरुको DPR बनाई पेस गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

कमल प्रसाद भुर्साल

प्रमुख